# बैठक संख्याः ३६

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७८।०६।१८ गते सोमबार दिउँसो २.०० बजे बसेको बैठकका निर्णयहरुः-

१. नेपालको संविधानको भाग – ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व मध्ये शिक्षा र स्वास्थ्यसँग सम्बन्धित विषयमा छलफल तथा छानबिन गर्ने तथा नीतिको कार्यान्वयनको अवस्थाबरे जानकारी लिने अभिप्रायले अनुगमन र मूल्यांकनको लागि कर्णाली प्रदेशका दुर्गम जिल्लाको उपयुक्त समयमा स्थलगत अध्ययन तथा अनुगमन गर्ने।

२. स्वास्थ्यसँग सम्बन्धित विषयमा छलफल तथा छानबिन गर्ने तथा नीतिको कार्यान्वयनको अवस्थाबरे जानकारी लिने अभिप्रायले अनुगमन र मूल्यांकनको लागि उपत्यका भित्रका वीर अस्पताल र कुनै एक शिक्षण अस्पतालको उपयुक्त समयमा स्थलगत अध्ययन तथा अनुगमन गर्ने।

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।